## राप्ती गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड : अङ्क : प्रकाशन मितिः २०८०/१२/०५


**भाग २**

# क्षेत्रफलका आधारमा तरकारी उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रम सञ्चालन कार्यविधि - २०८०

कार्यपालिकाबाट निर्णय मितिः २०८०/११/२८

**प्रस्तावनाः**

राप्ती गाउँपालिका कृषि विकास शाखा मार्फत सञ्चालन हुने कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्दै तरकारी उत्पादन र उत्पादकत्व वढाउन परम्परागत कृषि प्रणालीलाई आधुनिकीकरण र व्यावसायीकरण गर्दै प्रशोधन, भण्डारण र बजारीकरण गर्न कृषक, व्यावसायिक फार्म, कृषि समूह र सहकारीहरुलाई कृषि सेवा, सामग्री, तालिम, प्रविधिका साथै कृषिजन्य उत्पादनको उचित मूल्य र लाभहरुको न्यायोचित वितरण र दिगो विकास गर्ने अवधारणा अनुरुप कृषि क्षेत्रको विकास, व्यवस्थापन र सञ्चालन गर्ने सम्बन्धमा आवश्यक ब्यवस्था गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ (ण) बमोजिम राप्ती गाउँपालिकाले क्षेत्रफलका आधारमा तरकारी उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रम संचालन कार्यविधि २०८० तयार गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम “क्षेत्रफलका आधारमा तरकारी उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रम कार्यक्रम संचालन कार्यविधि २०८०” रहेको छ ।

(२) यो कार्यविधि राप्ती गाउँपालिकाको राजपत्रमा प्रकाशन भए पश्चात लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) “गाउँपालिका” भन्नाले राप्ती गाउँपालिकाकालाई सम्झनुपर्छ ।

(ख) “अध्यक्ष” भन्नाले राप्ती गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ग) “उपाध्यक्ष“ भन्नाले राप्ती गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(घ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले राप्ती गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ङ) “अनुगमन समिति” भन्नाले दफा ५ बमोजिम समितिलाई सम्झनुपर्छ ।

(च) “तरकारी उत्पादक” भन्नाले तरकारी उत्पादन गर्ने कृषक, कृषि फर्म, कृषक समूह तथा कृषि सहकारीलाई जनाउँछ ।

**३. उद्देश्यहरु :** यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेका छन्:

(क) राप्ती गाउँपालिकालाई तरकारीमा आत्मनिर्भर बनाउन,

(ख) क्षेत्रफलका आधारमा तरकारी खेतीमा प्रोत्साहन सहयोग कार्यक्रम मार्फत कृषकहरुलाई तरकारी खेती गर्न प्रोत्साहित गर्ने ।

## परिच्छेद-२

**४. कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था :**

(क) राप्ती गाउँपालिकाले क्षेत्रफलका आधारमा तरकारी उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रम सँचालनका लागि अनुसूची-१ बमोजिमको ढाँचामा १५ दिने सूचना प्रकाशन गरिनेछ ।

(ख) राप्ती गाउँपालिकाले अनुसूची -२ बमोजिमको ढाचाँमा इच्छुक कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारीहरुले निवेदन पेश गर्नुपर्नेछ ।

(ग) क्षेत्रफलका आधारमा तरकारी उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रममा आवेदन दिने कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारीहरुले लगाएको तरकारी अनुगमन समितिले स्थलगत अनुगमन गरी पेश गरेको प्रतिवेदन र कार्यपालिको निर्णय बमोजिम आधारमा खुल्ला जग्गामा तरकारी खेती गरेमा प्रति कट्ठा अधिकतम रु २०००।- दरले तथा प्लाष्टिक टनेल भित्र तरकारी खेती गरेमा प्रति टनेल(५×१० मीटर को) रु १०००।- सोही अनुसार अनुदान उपलव्ध गराइनेछ । साथै कार्यपालिकाको निर्णय अनुसार दररेट घटबढ गर्न सकिनेछ ।

(घ) यस कार्यक्रममा समावेश हुने कृषक/कृषि फर्महरुले कम्तिमा ३ कट्ठामा तथा कृषक समूह/सहकारीले कम्तिमा १० कट्ठामा तरकारी खेती गरेको हुनुपर्नेछ ।

(ङ) यस कार्यक्रमको नियमित अनुगमन गरी प्रतिवेदन पेश गर्ने दफा ५ वमोजिमको समितिले गर्नेछ ।

(च) कृषि विकास शाखाले कृषक/समूहसँग सहकार्य गरी मौसमी तथा वेमौषमी तरकारी उत्पादन कार्यक्रम सञ्चालन गर्नेछ ।

(छ) दोहोरो पर्ने गरी अनुदान रकम उपलब्ध गराइने छैन ।

**५. क्षेत्रफलका आधारमा तरकारी उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रम सञ्चालन/अनुगमन समिति :**

(१) गाउँपालिका मार्फत संचालन गरिएको तरकारी खेतीको उत्पादन लागतमा आधारित प्रोत्साहन अनुदान कार्यक्रममा तरकारी लगाएको क्षेत्रफल, तरकारीको गुणस्तर तथा तरकारीको तथ्यांक परिमाण सुनिश्चितता गर्नका लागि गाउँपालिका स्तरीय देहायका पदाधिकारीहरु रहने गरी कार्यक्रम सँचालन तथा अनुगमन समिति रहनेछ ।

(क) गाउँपालिकको उपाध्यक्ष - संयोजक
(ग) आर्थिक विकास समिती संयोजक - सदस्य
(घ) भूमि शाखाका कर्मचारी - सदस्य
(ख) योजना शाखा प्रमुख - सदस्य
(ङ) कृषि विकास शाखा प्रमुख - सदस्य सचिव

समितिले आवश्यकता अनुसार विज्ञ समावेश गर्न सक्नेछ ।

(२) दफा (५) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) क्षेत्रफलको आधारमा तरकारी उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रम संचालन कार्यक्रममा प्रभावकारी तवरले सञ्चालन गर्नका लागि आवश्यक नीति, मापदण्डको निर्माणमा समन्वय र सहकार्य गर्ने ।

(ख) कृषकले तरकारी खेती गरे नगरेको अवस्था हेर्न समय समयमा अनुगमन गर्ने ।

(ग) वडा कार्यालय, कृषि विकास शाखा, कृषि ज्ञान केन्द्र, लगायत सामाजिक संघ संस्था तथा सम्बन्धित मन्त्रालय तथा दातृ निकायहरुसँग सहयोग समन्वय र सहकार्य गरी कृषकलाई प्रोत्साहित हुने सम्बन्धी कार्य गर्ने ।

(घ) समितिले स्थलगत अनुगमन गरी प्रतिवेदनको आधारमा प्रस्ताव छनौट तथा भुक्तानीका लागि

(ङ) सिफारिस गर्ने ।

**६. भुक्तानीको लागि पेश गर्नुपर्ने कागजातहरु :**

(१) भुक्तानीका लागि देहाय बमोजिमको कागजातहरु संलग्न राखी पेश गर्नुपर्नेः

(क) भुक्तानी निवेदन
(ख वडा कार्यालयको सिफारिस
(ग) बैँकको चेकको फोटोकपी
(घ) तरकारी बारीको फोटो

**७. विविधः**

(क) यो कार्यविधि आवश्यकता अनुसार सँसोधन गर्न सकिनेछ ।

(ख) यस कार्याविधि आवश्यकता अनुसार संशोधन र हेरफेरः दफा ५ बमोजिम गठित समितिको सिफारिसमा कार्यपालिकाले गर्न सक्नेछ ।

**अनुसूची–१**

**परिच्छेद २ को दफा ४ को उपदफा (क) सँग सम्बन्धित**

मिति २०८०/१०/

क्षेत्रफलका आधारमा तरकारी उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्ववान सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा यस राप्ती गाउँपलिकाभित्र आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत तरकारी खेतीमा उत्पादन लागतमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने भएकोले इच्छुक कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारीहरुले आवश्यक कागजातसहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन अर्थात मिति २०८०/ / गते भित्र प्रस्तावना पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।साथै क्षेत्रफलका आधारमा तरकारी उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रम संचालन कार्यविधि २०८० को दफा ४ बमोजिम अनुदान उपलब्ध गराइनेछ।

कार्यक्रम संचालन मापदण्ड

| क्र.स. | कार्यक्रमको नाम | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|
| १ | क्षेत्रफलका आधारमा तरकारी उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रम | कृषक/कृषि फर्महरुले कम्तिमा ३ कठ्ठामा तथा कृषक समूह/कृषि सहकारीहरुले कम्तिमा १० कठ्ठामा तरकरी खेती गरेको हुनुपर्नेछ । | खुल्ला जग्गामा तरकारी खेती गरे वापत प्रति कठ्ठा रु. २०००।- दरले तथा प्लाष्टिक टनेल भित्र तरकारी खेती गरेमा प्रति टनेल रु. १०००।- दरले अनुदान रकम उपलब्ध गराइनेछ । |

**आवश्यक कागजातहरु :**

- आधिकारीक व्यक्तिहरुको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- सम्बन्धित वडा कार्यालयको सिफारिस
- सम्बन्धित निकायमा दर्ता तथा नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि
- कार्यक्रम संचालन हुने जग्गाको लालपूर्जाको फोटोकपी, भाडामा भए कम्तिमा ३ वर्षको करार सम्झौता प्रतिलिपि तथा वेदर्ता जग्गा भएको भए क्षेत्रफल यकिनसहितको सम्बन्धित वडाको सिफारिसपत्र ।
- सहकारीको हकमा करचुक्ता प्रमाणपत्र तथा पाना नं.
- अनुसूची-१ बमोजिमको निवेदन

थप जानकारीको लागि कृषि विकास शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**अनुसूची–२**
**परिच्छेद २ दफा ४ को उपदफा (ख) सगँ सम्बन्धित**

मिति :

श्री कृषि विकास शाखा प्रमुख ज्यू
राप्ती गाउँपालिका दाङ ।

**विषय : प्रस्ताव पेश सम्बन्धमा ।**

प्रस्तुत विषयमा राप्ती गाउँपालिका कृषि विकास शाखाको मिति .................. गते प्रकाशित सूचना बमोजिम म/हामी .............................. इच्छुक कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारीले वडा नं. ........... मा ................ कठ्ठा क्षेत्रफलमा तरकारी खेती गर्दैआइरहेकोले क्षेत्रफलका आधारमा तरकारी उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रममा सहभागी गरिदिनुहुन तपसिल बमोजिमको कागजातसहित यो निवेदन पेश गरेको छु/ छौ ।

**तपसिल**

१) नागरिकताको प्रतिलिपी,
२) जग्गाको लालपुर्जा प्रतिलिपी वा करार सम्झौता पत्र वा ऐलानी जग्गाको हकमा वडाको सिफारिस,
३) संस्था दर्ता भएको हकमा दर्ता प्रमाण पत्रको प्रतिलिपी,

निवेदक
नाम थर :
टोल सहितको ठेगाना :
फोन नं